# अपिहिमाल गाउँपालिकाको
# आ.व.२०७६/०७७ को
# नीति तथा कार्यक्रम
# २०७६

धर्मानन्द सिंह मन्याल
अध्यक्ष

अपिहिमाल गाउँपालिका,
खण्डेश्वरी,दाचुला
सुदूरपश्चिम प्रदेश,नेपाल

**गरिमामय गाउँसभाका अध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

१.गरिमामय छैटौं गाउँसभामा अपिहिमाल गाउँपालिका सरकारको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२.बिगतमा भएका ऐतिहासिक जनआन्दोलन सशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । राजनैतिक आन्दोलनका क्रममा घाईते भएका र बेपत्ता भएका योद्धाहरुप्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दछु ।

३.मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न एक कदम अगाडि बडेको, संविधान कार्यन्वयनको चरणमा रहेको र प्रशासनिक सयंन्त्र सुदृढ गर्ने यात्रामा अघि बडेको छ । पालिकाभित्रको शिक्षा, स्वास्थ्य, पर्यटन, भौतिक पूर्वाधार र सामाजिक न्यायको बाटोमा उचित व्यवस्थापनसहित सम्पूर्ण वडाहरुको समग्र विकास र समृद्धिका लागि हामी दृढ संकल्पित छौ ।

**"अध्यक्ष महोदय"**

अब म गत आर्थिक वर्ष २०७५/०७६ मा घोषित नीति तथा कार्यक्रमको उपलब्धिको बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।

४.नेपालको संविधान कार्यान्वयनको छोटो अवधिमा संघियताको आधारसिलाको रुपमा रहेको स्थानीय सरकार संचालनका लागि प्रशासनिक तथा कानुनी अप्रयाप्तताका बावजुद यस अपिहिमाल गाउँपालिका सरकारले विकास र सुशासनको सुस्पष्ट नीतिसहित पालिकाको कानुन निर्माण, प्रशासनिक संगठन बिस्तार गर्नुका साथै केन्द्र सरकार र प्रदेश सरकारसंग नीतिगत समन्वय, कार्यगत एकता गर्दै, बजेट कार्यान्वयनको सुगमता अनुभूत हुने गरी १६ वटा ऐन ३ नियमावली र १६ कार्यविधिहरु निर्माण गरिएका छन् ।

५.समृद्ध नेपालको पहिलो सर्त–शिक्षा हो, भन्ने कुरा अनुभुत गरी शिक्षा क्षेत्र सुधार कार्यक्रम घोषणा गरिएको थियो । जस अन्तर्गत बिभिन्न विद्यालयहरुमा अपुग शिक्षक उपलब्ध गरि करार सम्झौता मार्फत ४९ जना शिक्षकको ब्यवस्था गरेका छौं । उत्कृष्ट विद्यालयहरुलाई नमुना विद्यालय बनाउने क्रममा ४ वटा विद्यालयहरुलाई नमुना उन्मुख विद्यालय घोषणा

गरी भौतिक प्रशासनिक तथा शैक्षिक बिकासको लागि पहल गरेका छौँ । प्राविधिक जनशक्तिको उत्पादन गर्ने उदेश्यले खण्डेश्वरी मा.वि.मा वाली विज्ञान धारको पठन पाठन सुरु गरेका छौ । वडा नं.५ का विद्यार्थिहरुको सहजिकरणको लागि भवानी आ.वि.लाई मा.वि.र चौलानी बालविकास लाई १–३ आ.वि.को रुपमा स्थापना गरेका छौँ । साथै नमुना उन्मुख विद्यालयहरुमा थप कमचारी ब्यवस्था गरेको छौँ ।

६.जनताको स्वास्थ्यलाई सर्बोपरि मानी प्रत्येक वडाहरुमा स्वास्थ्य केन्द्र र बर्थिङ सेन्टर स्थापना गरी बर्थिङ सेन्टरको भवन समेत निर्माण गरी आवश्यक जनशक्ति लगायत आवश्यक उपकरणहरुको ब्यवस्था गरेका छौँ । विभिन्न रोगको निदान, पहिचान, गर्नको लागि जनशक्ति सहितको प्रयोगशालाको ब्यवस्था गरिएको छ । स्थानीय स्तरमा स्वास्थ्य लगायत कृषि, भेटेरिनरी, आयुर्बेद, घरेलु मतदाता परिचय पत्र ,प्रशासन गरी बृहत एकिकृत घुम्ती सिबिर सञ्चालन मार्फत  स्वास्थ्य सेवा लगायत अन्य सेवाहरु गरी ७०० जना जतीले सेवा उपभोग गरेका छन ।

७.चुनावी घोषणा पत्रमा उल्लेख गरेबमोजिम एकघर एक धारा कार्यान्वयन गर्ने कममा ग्रामिण जलस्रोत परियोजना संगको साझेदारीमा वडा नं.५ मा १०२ घरधुरीमा ब्यक्तिगत धाराको ब्यवस्था गरेको छौ । वडा नं.४मा कुर्मुल खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत १६० घरधुरीको ब्यक्तिगत धारा निर्माणधिन अवस्थाान रहेको जानकारी गराउन चाहान्छु ।

८.“आलीदेखि थालीसम्म, गोठदेखि ओठसम्म” भन्ने मूल नारा राखी कृषि र भेटेरीनरीमा जनताको सहज पहँच पुर्‍याउन प्रत्येक वडाहरुलाई समेटने गरी कृषि र भेटेरीनरी तर्फ तिन वटा नयाँ शाखा बिस्तार गरि आवश्यक जनशक्ति, बीऊ बिजन आवश्यक उपकरण , औषधीको ब्यवस्था गरी भेटेरीनरी मार्फत भेडा बाख्रामा पि.पि.आर., कुकुरमा रेबिज खोप जस्ता विभिन्न किसिमका औषधि उपचारको ब्यवस्था गरियो । भने कृषि शाखा तर्फ स्याउ, ओखर, सतुवा, चिराइतोको बीऊ उपलब्ध गराउनुको साथै राज्मा ग्रेडिङको लागि ग्रेडिङ मेशिनसमेत खरिद गरी प्याकेजिङ र लेवलिङको समेत ब्यवस्था गरिएको छ । साथै असिना प्रभावित घरधुरीहरुलाई निशुल्क रुपमा तरकारी बीऊ बिजनहरु बितरण गरिएको छ ।

अध्यक्ष महोदय,

९.पालिकाको भौतिक पूर्वाधार विकासका लागि यातायातको ठूलो महत्व हुने गर्दछ । सरकारले, पारिबगर खण्डेश्वरी सडक निर्माणमा भएको ढिला सुस्ती अन्त गर्न सडक

डिभिजन कार्यालय पाटनमा डेलिगेन गई छिटो छरितो कार्य निर्माणमा पहल गरेको र सोही क्रममा मकरीगाढ सम्म सडक खोल्ने काम सम्पन्न भएको छ । पर्यटन पूर्वाधारको लागि सिद्ध मकरीकोट पदमार्ग सम्पन्न हुने क्रममा छ । गाउँपालिकाको केन्द्रमा अवस्थित अपि डाईबर्सिटि पार्क भित्र आधुनिक दुई वटा भवन निर्माणधिन छन् । सिद्ध मकरीकोट, अपिडाईवर्सिटि पार्क ,खात्ती क्रिकेट रंगशाला, चौकी बगर सितोला सडक र क्षेत्री घांजीर एकिृकत बस्तीको लागि बिस्तृत परियोजना प्रतिवेदन तयार भईसकेका छन भने झुस्कु पाटु सेरा झुलुंगे पुलको प्रदेश सरकारमार्फत बिस्तृत परियोजना प्रतिवेदन तयार हुने चरणमा छ । पालिका भित्रका बस्तीहरुमा हिलोमुक्त गर्ने अभियान अन्तर्गत पि.सि.सि.बाटो **५१०७.७३** मिटर मिटर भैसकेको छ ।भने एउटा ट्रस पुल एउटा झुलुंगे पुल सम्पन्न हुने क्रममा छन । खानीडाडामा नमस्ते टावर निर्माण भैसकेको छ ।

**१०.**उज्यालो अपि कार्यक्रम अन्तर्गत पाथा घट्टेखोला लघु जलबिद्युत आयोजनामा आवश्यक समपूरकको ब्यवस्था गरि निर्माणधिन अवस्थामा रहेको छ, भने यस खण्डेश्वरी बजारमा उज्यालो अपिको सुरुवात भैसकेको छ । केन्द्रीय बिद्युतीकरण प्रसारण लाईन जडान सुरु गर्न टेन्डर स्वीकृत भई मकरीगाडसम्म ११ कि.मि. पोल तार बिस्तार प्रकृयामा रहेको जानकारी गराउन चाहान्छु ।

**११.**सामाजिक उत्तरदायित्व पूरा गर्ने क्रममा बृद्धहरुका लगि न्यानो लुगा वितरण गरिएको छ भने एकल महिलाहरुलाई सिपमूलक तालिमको ब्यवस्था गरि विभिन्न उपकरणहरु समेत वितरण गरिनुकोसाथै दीर्घ रोग मुटु, क्यान्सर, मृगौला,जस्ता रोगीहरुलाई आर्थिक सहयोग गरिएको छ ।

**अध्यक्ष महोदाय,**

**गरिमामय गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०७६/०७७ को अपिहिमाल गाउँपालिका सरकारको निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## १२.शिक्षा

मानव विकासको लागि आधारभूत आवश्यकता शिक्षा हो, शिक्षाको बिकासबिना ब्यक्ति समाज र सिंगो राष्ट्रको बिकास हुन प्राय: असम्भव हुन्छ । सुखी नेपाली समृद्ध नेपालको उदेश्य पूर्तिका निम्ति ब्यक्ति शिक्षित हुनु र ब्यक्तिमा रुपान्त्रण हुनु जरुरी छ । त्यसका लागि

पहिलो पूर्वाधारको रुपमा शिक्षालाई लिनु पर्छ भन्ने मान्यता राखी गाउँपालिका सरकारले सुरु गरेको शिक्षा क्षेत्र सुधार कार्यक्रम लाई थप व्यवस्थित र थप सुधार गरी पालिका भित्रका विद्यालय शिक्षणलाई प्रभावकारी रुपले अगाडी बढाउन जनशक्तिको मनोबल उच्च राख्न आवश्यक पहल गरिनेछ । १–३ कक्षा कोठाहरुमा कार्पेट विछ्याईने छ ।

## १३.स्वास्थ्य

स्वास्थ्य क्षेत्र सुधारको कार्यक्रमलाई निरन्तरता दिदै स्वास्थ्यमा जनताको सहज पहुँचको जिम्मेवारी बोध हुने गरी स्वास्थ्य क्षेत्रलाई थप प्रभावकारी बनाईने छ भने आयुर्वेदतर्फ आवश्यक शाखा बिस्तार गरिनेछ ।

## १४.भौतिक पूर्वाधार

“अपिका बस्ती हिलो मुक्त बस्ती” भन्ने नारामा टेकेर गत आ.व.को पि.सि.सि.बाटो बिस्तार कार्यक्रमलाई निरन्तरता दिईने छ भने थप **११६००** मिटर बाटो निर्माण गरिने छ । जनताको प्रशासनमा सहज पहँचको लागि वडा कार्यालय भवन निर्माण कार्य सञ्चालन गरिनेछ । कम्तिमा १ वटा वडा लाई नमुना वडाको रुपमा बिकास गरिनेछ । क्रमागतमा रहेका विभिन्न घो.बा.को कार्य सम्पन्न गरिनेछ । वडा नं.६ मज्जे , वडा नं.५ तल्लो मकरीगाड र वडा नं.३ साउँडीमा झो.पु.निर्माण गरिनेछ । झुस्कु पाटु झो.पु. प्रदेश सरकारले बिस्तृत परियोजना प्रतिवेदन निर्माण गरिसकेपछि कार्य सञ्चालनको लागि पहल गरिनेछ । साथै विभिन्न वडाहरुमा माग भैआएका थप घो.बा. निर्माण गरिनेछ ।

## १५.संचार

संचारमा जनताको पहँच पुऱ्याउन संचारको पहुँच बिस्तार गर्न वडा नं.३ र वडा नं.६ मा टावरको सर्वे गरी टावर निर्माण गर्न पहल गरिनेछ । भने प्रत्येक वडाहरुका लागि ईन्टरनेट सेवा सुरु गरी सूचना प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

## १६.खानेपानी तथा सरसफाई

एक घर एक धारा को नितिलाई कार्यान्वयन गर्न ग्रामिण जलस्रोत व्यवस्थापन परियाजनाको साझेदारीमा वडा नं.४ को कार्य सम्पन्न गरि वडा नं.३ र १ मा संचालन गरिने छ । भने सु आहारा मार्फत संचालित पोषण तथा सरसफाईमा पनि निरन्तरता दिईने छ ।

## १७.यातायात

यातायातमा जनताको सहज पहुँच पुऱ्याउन र जिल्ला सदरमुकामसंग जोड्न चौकीबगर सितोला,नौगाड जोड्ने सडक बिस्तार गर्न पहल गरिनेछ भने पारीबगर खण्डेश्वरी सडकलाई गाउँपालिका केन्द्र सम्म पुऱ्याउन आगामी आ.व.२०७७/०७८ सम्म सम्पन्न गर्न पहल गरिनेछ ।

## १८.उर्जा

उज्यालो अपि कार्यक्रमलाई निरन्तरता दिदै पाथा घट्टेखोला लघु जलबिद्युत आयोजना र कटेलीगाड जलविद्युतलाई सम्पन्न गरि वडा नं.१,२,३,४ सम्म उज्यालोको पहुँच पुऱ्याउने प्रयत्न गरि केन्द्रीय प्रसारण लाईन यथासिग्र छिटो पालिकाभरिको सबै वडाहरुमा पुऱ्याउन पहल गरिनेछ । घुसा,पाटु लिथिका लागि १५ किलोवाटको लघु जलविद्युत आयोजना निर्माणको लागि पहल गरिनेछ ।

## १९.कृषि,भेटेरीनरी तथा आपुर्ती

जनतालाई आय आर्जनमुखि बनाउन आवश्यक वडाहरुमा बेसार, अदुवा ,फलफुलको बिरुवा (कागती, मौसमी)को व्यवसायिक उत्पादनको लागि पहल गरिनेछ भने भेटेरीनरी तर्फ संचालति कार्यक्रमलाई निरन्तरता दिदै भेडा बाखा पाईलट कार्यक्रम लाई संचालनमा ल्याउने खाद्यको अभावलाई पूर्ति गर्न खाद्य चामल र नूनको डिपो व्यवस्थित गरि बितरण गरिनेछ ।राज्मा र आलुको प्याकेजिङ गरी बजारीकरणको लागि समेत व्यवस्था गरिनेछ ।

## २०.लक्षित समुह

आन्तरिक अल्पसंख्यक जातीका बालबालकिा र अपाङ्गलाई दिदै आएको छात्रबृतीलाई निरन्तरता दिईनेछ, महिलाहरुको सशक्तीकरणका लागि क्याउरादेवी सशक्तीकरण कार्यक्रम लाई निरन्तरता दिईनेछ । जेष्ठ नागरिकहरुलाई लक्ष्मण लोथ्याल जेष्ठ नागरिक कार्यक्रमलाई निरन्तरता दिईनेछ । दलितहरुलाई सामाजिक मूलधारामा ल्याउनकालागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । अपाङ्गहरुको हितका निम्ती आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । समाजमा सामाजिक रुपले पिछडिएका जेष्ठ तथा एकल महिलालाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएकोमा ४० वर्ष पूरा भई ७० वर्ष ननाघेको बिदुरलाई वार्षिक ६०००।( छ हजार मात्र) सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनेछ । दीर्घ रोगीहरुलाई (क्यान्सर, मुटु, मृगौला, पक्षघात) जस्ता नेपाल सरकारले निशुल्क भनि तोकेका रोगीहरुको निम्ती स्वास्थ्य बीमाको व्यवस्था पनि गरिनेछ ।

**२१.विपद व्यवस्थापन**

विपद व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**२२.खेलकुद**

गाउँपालिका द्वारा संचालित अपि प्रिमियर लिग क्रिकेट र राष्ट्रपति रनिङ्ग शील्ड लगायत गाउँपालिका अन्तर्गत संचालन हुने अन्य खेलहरुलाई पनि निरन्तरता दिईनेछ ।

**२३.धार्मिक सांस्कृतिक तथा पर्यटन**

नेपाल सरकारले घोषणा गरेको घोषित पर्यटन वर्ष २०२० लाई टेवा पुग्ने गरि आवश्यक निति निर्माण गरि कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका भरिको सांस्कृतिक धरोहरका रुपमा रहेका शुर्माभवानी जात्रा,महादेव जात्राहरु, बीसु जात्रा ,गौरापर्व जस्ता परम्परा देखि चलि आएका पर्वहरुलाई ब्यवस्थित र मर्यादित बनाउन पहल गरिनेछ । भने वृत्त चित्र र फोटोग्राफि पुस्तक लगायतका सामग्री मार्फत यस क्षेत्रको सम्भावना उजागर गरिने छ ।

**२४**.समाजमा सुब्यवस्था कायम गर्न सुरक्षाकर्मीहरुको मनोवल उच्च राख्न प्रहरीचौकीको भौतिक पूर्वाधार ब्यवस्थित गरी समुदाय प्रहरी साँझेदारी कार्यक्रम संचालन गरिनेछ ।

**२५**.न्यायमा जनताको पहुँच सुनिश्चित गर्न न्यायिक समिति अन्तर्गतका मेलमिलाप केन्द्रहरु स्थापना भैसकेकोमा त्यसलाई थप ब्यवस्थित गरिनेछ ।

**२६**.बालबिवाहलाई निरुत्साहित गर्न “किशोर किशोरीसंग” उपाध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।

२७.मर्यादित महिनावारी ब्यक्तिगत स्वच्छता अन्तर्गत मा.वि.खण्डेश्वरीमा नमुना कार्यक्रमको रुपमा भ्यान्डिङ मेशिन (सेनेटरी प्याड)स्थापना गरिनेछ ।

**२८**.विद्यालय शिक्षा सुधार कार्यक्रम प्रभावकारी बनाउन विद्यालय संग अध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।

**२९**.आय आर्जनमा जनताको पहुचमा थप अवसर प्रदान गर्न डाले चुकको बिस्तृत अध्धयन गरि कार्यक्रम संचालन गरिनेछ ।

३०.गाउँपालिका सराकार मातहतमा कार्यालयहरुको कामकाज चुस्त दुरुस्त राख्न क्षमता अभिबृदि गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिने छ । साथै भ्रष्टाचारमा शुन्य

सहनशीलता ल्याउन पालिकाभरि कार्यालय प्रयोजन समानहरु एकद्वार प्रणलीबाट खरिद गर्ने व्यवस्था मिलाईनेछ ।

**३१**.स्थास्थ्य क्षेत्रलाई आधुनिकीकरण गर्न ड्रोन खरिद गरी संचालनमा ल्याईनेछ भने, महिला स्वास्थ्य स्वयंमसेविकाहरुले स्वच्छिक अवकाश जान चाहेमा गा.पा.सरकारले एकमुष्ठ रु.२००००। ब्यहोर्नेछ

**३२**.बेरोजगार युवाहरुलाई व्यवसायमुखी बनाउन तानसेन (निरज) युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**३३**.यस गाउँपालिकाको पर्यावरणलाई सन्तुलन राख्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**३४**.पालिका भित्र रहेका विभिन्न कार्यालयहरुको कामकाज चुस्त दुरुस्त राख्न प्रत्येक कार्यालयहरुमा  विद्युतिय हाजिरी यन्त्र जडानको व्यवस्था गरिनेछ ।

**३५.**शुरुवात तर्फ गाउँपालिकालाई आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरि सुशासनको प्रत्याभुति गराउन गाउँपालिका अन्तर्गत संचालित योजनाहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण गरि शुन्य बेरुजी गर्ने नीति अवलम्वन गरिनेछ । भने पालिकाबाट संचालित हुने योजनाहरुमा सुचना पाटी राखिने व्यवस्था मिलाईनेछ ।

३६.सूचनाको हक नागरिकलाई प्रत्याभूति गराउन तथा सूचना सम्प्रेषणमा सहायताका लागि जिल्लामा रहेका सामुदायिक रेडियो संगको साझेदारीमा एफ.एम.टावर तथा क्षमता बिस्तार चालु वर्षमै पूरा गरिनेछ ।

**३७.**बजार अनुगमनलाई व्यवस्थित गरी मदिराजन्य र सुर्तिजन्य पदार्थका पसललाई अलग अलग संचालन गर्न नियमन गरिनेछ ।

**३८**.ऐतिहासिक धरोहरको रुपमा रहेको शुर्मा भवानी जात्रा व्यवस्थापन गर्न बजेट विनियोजन गरिनेछ ।

**३९.**बचत गर्ने बानीको बिकास गर्न एक ब्यक्ति एक बैंक खाता अभियान संचालन गरिनेछ ।

**४०.**केन्द्रीय सरकारद्वारा संचालित प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई टेवा दिने गरी थप नीति निर्माण गरी आवश्यक कदम चालिने छ ।

४१.संघीय सरकारी सेवाबाट स्थानीय सरकारी सेवामा कर्मचारीहरुलाई आकर्षित गर्न संघबाट यस स्थानीय निकायमा कामकाज गर्न खटीएका कर्मचारीहरुको उत्प्रेरणा अविबृद्धीका लागि प्रोत्साहन भत्ताको ब्यवस्था गरिनेछ ।

## गरिमामय गाउँसभाका अध्यक्ष ज्यू,

स्थानीय तह पुर्नसंरचना पश्चात स्थापित अपिहिमाल गाउँपालिकाको छैटौं गाउँसभामा यस गाउँपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ मा संचालन तथा कार्यान्वयन गर्न राजस्व बाँडफाँड सहित आन्तरिक आम्दानी, गाउँपालिकाको कुल अनुदान, मातहतका कार्यक्रमहरु, बिषयगत निकायहरुको बार्षिक विनियोजित बजेट यस गरिमामय गाउँसभाको उदघाटन सत्र समक्ष प्रस्तुत गर्न गर्न गई रहेको छ ।

### अपिहिमाल गाउँपालिकाको कुल प्राप्त आ.व. २०७६/०७७

| क.स. | शिर्षक | रकम अंकमा | रकम अक्षरमा |
|---|---|---|---|
| १ | संघीय सरकार वित्तिय समानीकरण | ६,६१,००,०००। | छ करोड एकसठ्ठी लाख |
| २ | संघीय सरकार सशर्त अनुदान | ९,३६,००,०००। | नौ करोड छतिस लाख |
| ३ | संघीय सरकार राजश्व बाँडफाँड | ४,७९,००,०००। | चार करोड उनासी लाख |
| ४ | प्रदेश सरकार वित्तिय समानीकरण | ६७,७३,०००। | सतसठ्ठी लाख तिरहत्तर हजार |
| ५ | प्रदेश सरकार राजश्व बाँडफाँड | ५,७६,०००। | पाँच लाख छहत्तर हजार |
| ६ | गाउँपालिकाको आन्तरिक आम्दानी | १४,००,०००। | चौद्ध लाख |
| ७ | रोयल्टी बाँडफाँड | ३,६४,९६४। | तिन लाख चौसठी हजार नौसय चौसठी |
| ८ | गत वर्षको अनुमानित बांकी रकम | २,००,००,०००। | दुई करोड |
| जम्मा | | २३,६७,१३,९६४। | तेईस करोड सतषठी लाख तेह्र हजार नौ सय चौसठी |

अन्त्यमा,

परिवर्तित राज्य व्यवस्था अन्तर्गत नेपालको संविधानले श्रृजीत अधिकारीहरु र तिनको कुशल कार्यान्वयन अभ्यास मार्फत समृद्ध गाउँपालिका निर्माणका लागि अवसरयुक्त र यस चुनौतिपूर्ण घडिमा अपिहिमाल गाउँपालिकालाई नमुना स्थानिय तहको रुपमा स्थापित गर्न यहाँहरु सबैको निरन्तर सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

साथै स्थानिय सरकार संचालन, निर्माण र आर्थिक,सामाजिक, भौतिक, तथा मानविय बिकासका विविध पक्षहरुमा योगदान पुऱ्याउने हुने गाउँपालिकाका राजनितिक दलहरु, समाजसेवी, बुद्धिजीवि,गैर सरकारी क्षेत्र, संचार जगत ,राष्ट सेवक कर्मचारीहरु, यस गाउँपालिकाबासी जनसमुदायहरु लगायत सम्पुर्ण शुभेच्छुकहरुप्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

धन्यवाद